कोशी भ्रमण बर्ष २०८२ को पुर्व संध्यामा पर्यटन कार्यालय काँकरभिट्टा झापामा मिति २०८१ असोज १ गते क्रस बोर्डर टुरिजम र विश्व पर्यटन दिवस मनाउने लगायतका पर्यटन प्रवर्द्धन र विकासमा गर्न सकिने र गर्नु पर्ने बिषयहरुमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

उक्त अन्तरक्रिया कार्यक्रममा मित्रराष्ट्र भारतका चर्चित फुटवल खेलाडी तथा पर्यटन अभियन्ता भाइचुङ भुटिया अभियन्ता राजबशू र पत्रकार सहित १२ जनाको टोलीको सहभागी हुनुहुन्थ्यो भने नेपाल तर्फबाट कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावरण मन्त्रालयको सचिव ज्यू विभिन्न स्थानिय तहका प्रमुख ज्यूहरु यातायात व्यवसायी संघ, उद्योग बाणिज्य संघ, होमस्टे लगायतका सरोकारवाला महानुभावहरु, पर्यटन अभियन्ता पत्रकार लगायतको महत्वपुर्ण उपस्थिति रह्यो ।

कार्यक्रममा पर्यटन विकासका क्षेत्रमा सुधार र प्रवर्द्धन गर्न नीतिगत सुधारहरु मुद्रा सटहीलाई सर्वसुलभ र व्यवस्थित गर्नु पर्ने। दुई देशीय यातायात संचालन गर्दा सिमानाकामा हुने हैरानी र स्थानीय पटके करहरु हटाई पर्यटक आवागमनलाई सहज बनाइनु पर्ने। सवारी चालक र सहचालकलाई पर्यटकमैत्री तालिम दिनुपर्ने, दुवै देशका सरकारहरु बिच हार्दिकता साटासाटका कार्यक्रम संचालन गर्न जोड दिएका थिए ।

पर्यटन प्रवर्द्धन गर्न मनमोहक दृश्यहरु, स्थानीय खानपान, भेषभुषाको प्रचार, राजमार्ग साइडमा बृक्षारोपण, फुलरोपण, स्थानीय संस्कृति झल्किने कार्यक्रमहरु पर्यटकीय स्थानहरु सम्म पुग्ने पुर्वाधारको विकास गरिनु पर्ने। धार्मिक पर्यटनको विकास गर्न दुवै राष्ट्रका महत्वपुर्ण तिर्थस्थल बिच भगिनी सम्बन्ध कायम गरी हार्दिकता साटासाट गर्नु पर्ने, जनचेतना विकास गरी ग्रामिण तह सम्म पर्यटन भनेको के हो भनी बुझाउनु पर्ने जस्ता बिषयहरु अन्तरक्रियामा सहभागीहरुले राख्नु भएको थियो । सिमानाकाबाट सहज आवागमनक पहल भई रहेको, पर्यटकमैत्री बनाउन सवारीमा स्टिकरको व्यवस्था तथा मुद्रा सटहीमा सहजता गर्ने जस्ता कार्य गरी कोशी प्रदेश भ्रमण बर्ष २०८२ सफल पार्न थप प्रवर्द्धनात्मक र पुर्वाधार विकासका साथै नीतिगत रुपमा गरिनुपर्ने कार्यको केन्द्र सरकारसँग समेत सम्न्वय भई रहेको बिषयमा कोशी प्रदेश सरकारका पर्यटन सचिवज्यूबाट प्रस्ट पारीएको थियो । कार्यक्रममा ६२ जनाको उपस्थिति रहेको थियो ।


पर्यटन कार्यालय काँकरभिट्टा
TOURISM OFFICE KAKARVITTA








We wholeheartedly Welcome
2024/9/17 10:54

